नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक १९३ | २०७९ साल फागुन १८ गते बिहीबार (2 Mar. 2023 Thursday) | मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : स्वविपु निर्वाचन : यस्ता छन् ... ३ पृष्ठमा : तत्काल संघीय निजामती ऐन ... ३ पृष्ठमा सोमालियाका पचास लाख ...

# शम्भुनाथका नगर प्रमुख गुप्ता र इन्जिनियर साहबिरुद्ध विशेष अदालतमा आरोपपत्र दायर

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको शम्भुनाथ नगरपालिकाका प्रमुख जितेन्द्र प्रसाद गुप्ता तथा योजना फाँटका इन्जिनियर रामचन्द्र साहबिरुद्ध बुधबार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगद्वारा विशेष अदालतमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ देहाय खण्ड (ख) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुन माग दाबीसहित नगर प्रमुख गुप्ता र इन्जिनियर साहबिरुद्ध आरोपपत्र दायर गरिएको आयोगका प्रवक्ता भोला दहालद्वारा जारि प्रेस विज्ञप्तिमा उल्लेख छ ।

शम्भुनाथ नगरपालिकाका इन्जिनियर साहले निर्माण कार्य भुक्तानी वापत सेवाग्राहीसँग घुस मागेको सूचनाको आधारमा पुगेको आयोगको इटहरी टोलीले गत माघ ३ गते १ लाख ४० हजार घुस रकमसहित पक्राउ गरेको थियो । सोही विषयको अनुसन्धानका क्रममा नगर प्रमुख गुप्ता र इन्जिनियर साहबीचको आपसी मिलोमतोमा विद्यालयको सभाहल निर्माणको अन्तिम बिल भुक्तानी प्रयोजनका लागि उक्त रकम घुस वापत लिइएको पुष्टि हुन आएको आयोगद्वारा जारि विज्ञप्तिमा दाबी गरिएको छ ।

दुबैको मिलोमतोमा उक्त रकम घुस लिइएको पाइएकाले गुप्ता र साहलाई भ्रष्टाचार निवारण ऐन अनुसार कारवाही हुनु पर्ने विशेष अदालतमा दायर आरोपपत्रमा उल्लेख गरिएको छ । भ्रष्टाचार सम्बन्धी अदालतमा आरोपपत्र दायर भएसँगै सम्बन्धीत व्यक्तिको पद निलम्बनमा पर्ने कानुनी व्यवस्था छ ।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादवबिरुद्ध पनि सोही ऐन अनुसार आयोगले ८ महिनाअघि विशेष अदालतमा आरोपपत्र दायर गरेपछि उनी निलम्बित भएका थिए । यादव संचालक रहेको गहिल कन्स्ट्रक्सनद्वारा राजविराजस्थित राजरंगशालामा भएको खेल मैदानमा माटो पुर्ने काममा अनियमितता भएको दाबी सहित आयोगले विशेष अदालतमा आरोपपत्र दायर गरेपछि कानुनी ब्यवस्था अनुसार उनी निलम्बित अवस्थामा छन् ।

# अस्पतालमा टोकन प्रणाली लागु



**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा बुधबारदेखी टोकन प्रणाली सेवा लागु गरिएको छ ।

स्वास्थ्य सेवा लिन आउनेको चाप बढ्दै गएपछि सहज, सरल र ब्यवस्थित ढंगले सेवा प्रदान गर्ने उदेश्यले सो प्रणाली लागु गरिएको अस्पताल प्रशसनले जनाएको छ ।

उक्त सेवाको एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले उद्घाटन गर्दै समयको बचत, सेवा प्रवाहको उचित व्यवस्थापनका साथै बिरामी र उनका आफन्तले पूर्जा काट्न घण्टौं लाइन लाग्नु पर्ने बाध्यताको अन्त हुने विश्वास व्यक्त गरे ।

बिरामीको चाप बढेसँगै सेवा प्रवाहा अस्तव्यस्त हुन थालेपछि यसलाई ब्यवस्थापन गर्न टोकन प्रणाली लागु गरिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहले बताए । अस्पतालमा सुधारको प्रयास थालेसँगै अहिले दैनिक ५ सयदेखी ८ सयसम्म बिभिन्न रोगका बिरामी स्वास्थ्य सेवा लिन आउने गरेको उनले बताए ।

उक्त टोकन प्रणाली अस्पतालबाट उपलब्ध हुने सबै खाले सेवामा लागु गरिएको र यसको प्रभावकारी कार्यान्वयनका लागि थप कर्मचारी समेत परिचालन हुने अस्पताल प्रशासनले जनाएको छ ।

# रास्वपाद्वारा सातै प्रदेशमा प्रदेश समिति गठन

काठमाडौं, १७ फागुन (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सातै प्रदेशमा प्रदेश समिति गठन गरेको छ । समिति गठनसँगै जम्मेवारीसमेत तोकेको छ ।

प्रदेश नं १ समितिको

*बाँकी तीन पृष्ठमा*

# तस्करीका काठसहित सदा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

सप्तरीको खडग नगरपालिका ४ पंसेरा वन क्षेत्रबाट अवैध रुपमा वनजंगल फडानी गरि काठ तस्करी गरिरहेको अवस्थामा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोही वडाका ४५ वर्षिय अशोक कुमार सदा रहेका छन् । काँधमा बोकेर सखुवाको काठ लिई जाँदै गरेको सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको टोलीले सदालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

सदाको साथबाट साखुको २५ क्युवि फिट काठ बरामद गरिएको उनले बताए । उक्त काठको ७० हजार रुँपैया मुल्याङ्कन गरिएको छ ।

बुधबार नै बरामद काठसहित सदालाई आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय सप्तरीमा बुझाइएको प्रहरीले जनाएको छ ।

# आगलागिमा ३० हजार नगदसहित सदाको घर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

सप्तरीको डाक्नेश्वर नगरपालिका ५ मुसहरि टोलमा बुधबार आगलागि हुँदा नगद ३० हजारसहित स्थानिय टुनी सदाको घर नष्ट भएको छ ।

आंगनमा खाना पकाउने क्रममा चुलोबाट आगो सल्केको आगोले १ लाख ३३ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सुप्तरीका अनुसार सदाले घरमा राखेको ३० हजार नगदका साथै खाद्यान्न, लत्ताकपडा, फर्निचर लगायतका कुनै प्रकारको सामान निकाल्न पाएनन् ।

डिएसपी नरेशकुमार सिंहका अनुसार स्थानियवासी र प्रहरीको संयुक्त प्रयासमा आगोमाथी नियन्त्रण कायम गरिएको थियो ।

आगलागिका घटनामा बृद्धि हुन थालेपछि अहिले जिल्लाका विभिन्न स्थानमा आगलागि नियन्त्रणका लागि टोली नै परिचालन गरि सचेतना अभियान चलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# स्ववियु निर्वाचन : यस्ता छन् विद्यार्थीका एजेण्डा

काठमाडौँ, १७ फागुन (रासस)।

त्रिभुवन विश्वविद्यालय (त्रिवि)मा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको मिति नजिकिँदै गर्दा विद्यार्थी सङ्गठन घोषणापत्रको अन्तिम तयारीमा लागेका छन्। चौध वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यस पटक निर्धारित मितिमा नै हुने भएपछि विद्यार्थी सङ्गठनहरू घोषणापत्रसहित निर्वाचनको तयारीमा जुटेका छन्।

विद्यार्थी सङ्गठनले आगामी स्ववियु निर्वाचनमा बेरोजगार शिक्षाको अन्त्य गरी रोजगारमूलक शिक्षा र त्रिवि सुधारलाई आफ्नो मुख्य मुख्य एजेण्डाका रूपमा अगाडि सारेका छन्। आगामी चैत ५ गते हुने निर्वाचनका लागि विद्यार्थी सङ्गठनले स्ववियुलाई युवा संसद्का रूपमा विकास गर्ने, शैक्षिक गुणस्तर सुधार, त्रिविको शैक्षिक क्यालेण्डर सुधार गर्ने, त्रिविका पदाधिकारी नियुक्ति खुला प्रतिस्पर्धा नियुक्ति, पाठ्यक्रम परिमार्जनलगायतका मुख्य एजेण्डा अघि सारेर निर्वाचनमा होमिँदै छन्।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले राजनीतिक परिवर्तन भइसकेकपछि मूलतः त्रिविको शैक्षिक गुणस्तर र त्रिविलाई सुधार्ने एजेण्डासहित स्ववियु निर्वाचनमा होमिने बताउनुभयो। उहाँले स्ववियु मुलुकको नेतृत्व गर्ने थलो रहेकाले युवा संसद्का रूपमा स्ववियुलाई विकास गर्नुपर्ने बताउनुभयो। "विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक हुन थालेको छ", उहाँले भन्नुभयो, "यसपटक हामीले शैक्षिक एजेण्डासहित नेतृत्व विकास गर्ने थलोका रूपमा रहेको स्ववियुलाई युवा संसद्का रूपमा लैजान पर्दछ भन्ने रहेको छ।"

नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) को स्ववियु निर्वाचन घोषणापत्रका संयोजक पुजन गन्धवले घोषणापत्र तयारी गरिसकेको बताउनुभयो। उहाँले आफ्नो सङ्गठनको मुख्य एजेण्डा शैक्षिक सुधार नै रहेको बताउनुभयो। नेविसङ्घले शिक्षासँगै उद्यमशीलता र शैक्षिक प्रमाणपत्रसँगै रोजगार अभियान सञ्चालन गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षा क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने एजेण्डा अघि सारेको छ।

यस्तै सबै क्याम्पसमा स्ववियुलाई भ्रष्टाचाररहित बनाई सक्षम नेतृत्व उत्पादन गर्ने थलोका रूपमा विकास गर्ने र स्ववियु र क्याम्पसको बजेटको वार्षिक लेखापरीक्षण गरी आर्थिक पारदर्शिता गराउने एजेण्डा पनि बनाएको छ।

यस्तै वैज्ञानिक, व्यावहारिक, प्राविधिक र अनुसन्धानात्मक शिक्षामा जोड, माध्यमिक शिक्षा सबै नेपालीका लागि अनिवार्य र निःशुल्क बनाउन र उच्च शिक्षा सबैको पहुँचमा, गुणस्तरीय र सर्वसुलभ बनाउँदै क्रमशः निःशुल्क बनाउने आफूहरूको एजेण्डा रहेको नेविसङ्घका पूर्वकेन्द्रीय सदस्यसमेत रहनुभएका गन्धवले जानकारी दिनुभयो।

अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव दिपेश पुनले स्ववियु निर्वाचनका लागि घोषणापत्र तयार पारिएको जानकारी दिनुभयो। उहाँले आगामी स्ववियु निर्वाचनका लागि त्रिविलाई बेरोजगार जनशक्ति नभई स्वरोजगार जनशक्ति उत्पादन गर्ने मुख्य एजेण्डा रहेको बताउनुभयो।

उहाँले त्रिविका पदाधिकारी भागबन्डा नभई खुला प्रतिस्पर्धाबाट नियुक्ति गर्नुपर्ने, शैक्षिक क्यालेण्डर समयमैत्री हुनुपर्ने, उत्पादित जनशक्तिलाई निरन्तर अनुसन्धान, उद्यम, रोजगार बनाउन पहले गर्ने, त्रिविबाट उत्पादित जनशक्ति र बजारबीच सम्बन्ध स्थापित गर्ने एजेण्डा रहेको जानकारी दिनुभयो।

यस्तै वार्षिकमा तीन महिना र सेमेष्टर प्रणालीमा एक महिनाभित्र परीक्षाफल प्रकाशित गर्ने, भौतिक र डिजिटल पूर्वाधार सम्पन्न आधुनिक पाठ्यक्रम अध्ययन अध्यापन गर्ने विश्वविद्यालय निर्माण गर्ने, स्नातकमा १० प्रतिशत, स्नातकोत्तरमा २० प्रतिशत र एमफिलमा २५ प्रतिशत पाठ्यक्रम विदेशी आगन्तुक प्राध्यापकबाट अध्यापन गर्ने व्यवस्था मिलाउने पनि एजेण्डा क्रान्तिकारी रहेको छ।

अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले शिक्षाको निजीकरण अन्त्य, विश्वविद्यालय बेरोजगार उत्पादनका कारखाना रहेकोले बौद्धिक पलायन रोक्न लागि आपत्कालीन शैक्षिक सुधार कार्यक्रम, सेमेष्टर र वार्षिक दुई किसिमको शिक्षा अन्त्य गरी एकै खालको शिक्षा, आङ्गिक क्याम्पस सुधार गर्नुपर्ने एजेण्डा रहेको बताउनुभयो।

नेविसङ्घका त्रिवि क्याम्पस नेता विष्णु बडैलाले त्रिविमा देखिएका विकृति विसङ्गति सुधार आवश्यक रहेको बताउनुभयो। उहाँले स्ववियु निर्वाचन नहुँदा त्रिवि नै अस्तव्यस्त रहेकाले आगामी स्ववियु निर्वाचनबाट त्रिविमा सुधार आउने बताउनुभयो। उहाँले त्रिविमा रहेका परीक्षा नियन्त्रण कार्यालयलाई पूर्ण डिजिटल बनाउने, त्रिविलाई केन्द्रीय अनुसन्धानको केन्द्र बनाउने, छात्रालाई सेनिटेरी प्याडको सुलभ व्यवस्था गर्ने आफ्नो एजेण्डा रहेको बताउनुभयो।

उहाँले त्रिवि सेवा आयोग प्रत्येक छ/छ महिनामा विज्ञापन खोलेर योग्य दक्षजनशक्ति ल्याउन जरुरी रहेको बताउनुभयो। त्रिवि केन्द्रीय क्याम्पसका नेता तथा अखिलका केन्द्रीय सदस्य प्रशान्त भण्डारीले रोजगारमूलक शैक्षिक जनशक्ति उत्पादन, अनुसन्धानमूलक र सूचना प्रविधि शिक्षा आफ्नो एजेण्डा रहेको बताउनुभयो।

त्यस्तै उहाँले अन्तर्राष्ट्रिय शैक्षिक अध्ययन र सीप त्रिविमा र विद्वानको पलायन रोक्दै समुन्नत नेपाल निर्माण रहेको बताउनुभयो।

आगामी चैत ५ गते देशभरका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धनप्राप्त क्याम्पसमा हुने स्ववियु निर्वाचनका लागि कार्यतालिकासमेत सार्वजनिक भइसकेको छ।

कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ। यस्तै कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको तोकिएको छ।

प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखियता नियमित हुनसकेको छैन्। विसं २०६५ साल चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो।

## सम्पादकीय

### प्रहरीको जनचेतनामूलक कार्यक्रम सह्ानिय

सप्तरी प्रहरीले जिल्लामा बढ्दै गएको विभिन्न घटना सम्बन्धी जनचेतना फैलाउने कार्यलाई तिब्रता दिइरहेको छ। जिल्लामा आगलागि, लागु पदार्थ, बालबिवाह, छुवाछुत लगायतका घटनाहरुलाई निरुत्साहित गर्ने सम्बन्धी जनचेतना दिइरहेको छ। जिल्लामा यस्ता घटनाहरु अहिले ब्यापक रुपमा भइरहेकोले यस्ताबाट बच्न र बचाउनका निम्ति जनचेतना पनि विकल्प रहेको भन्दै त्यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइएको पाइएको छ। जिल्लामा अहिले दिनहुँ जसो आगलागिका घटना हुने गरेको छ। यसबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा सामुदायिकस्तरमै पुगेर प्रहरी टोलीले जनचेतना दिइरहेको छ।

यस्तै जिल्लामा लागु औषधका दुरर्व्यसनी समेत बढिरहेकोले यस्ता दुर्व्यसनीलाई नियन्त्रण तथा त्यसमा नलाग्न विभिन्न प्रकारको जनचेतना दिइदैछ। बालबालिकाहरु बढी यस्ता कुलतमा फस्ने गरेकाले प्रहरीले विद्यालयमै पुगि बालबालिकाहरुलाई यसको नकारात्मक असर बारे जनचेतना दिइरहेको छ। यस्ता कुलतमा फस्नाले भविष्य वर्वाद हुने र अपराधिक घटनामा फस्दै जाने बारे पनि जानकारी दिइदै छ। यस्ता जनचेतनाबाट बालबालिकाहरुमा सकारात्मक असर परिरहेको छ। जसकारण उनीहरु कुलतमा नफस्ने तथा फसेकाहरुलाई पनि यसबाट निकाल्न मद्दत पुगिरहेको छ।

यस्तै छुवाछुतका घटनाहरु पनि जिल्लामा बढिरहेको छ। यो एउटा सामाजबाट निर्मित रोग हो। यो कुनै कानुन नभइकन मानसिक संकिर्ता भएको भन्दै यसलाई न्युनिकरण गर्दै लैजान र सकेसम्म छुवाछुत प्रथालाई जडैबाट उखाल्ने प्रयास गरिएको छ। तसर्थ प्रहरीले गरिरहेको प्रयासलाई सह्ानिय रहेको छ। यस्ता प्रयास प्रहरी मात्र नभई सामाजिक स्तरबाटै गर्नु पर्ने आवश्यकता रहेको छ। अनिमात्र यस्ता घटनाहरु न्युनिकरण तथा यसबाट सतर्क रहन सकिन्छ।

# सात महिनामा पौने २३ अर्ब रकमान्तर, बहुवर्षीय आयोजनामा ६३ अर्ब स्रोत सहमति

काठमाडौँ, १७ फागुन (रासस)।

चालु आर्थिक वर्ष २०७९/०८० को सात महिना अवधिमा सरकारले रु २२ अर्ब ७४ करोड ९० लाख बराबर रकमान्तर गरेको छ।

अर्थ मन्त्रालयले सोमबार सार्जजनिक गरेको 'साउनदेखि माघसम्मको आर्थिक सहायता, थप निकासा, रकमान्तर र स्रोत सहमतिको विवरण' अनुसार यो अवधिमा सरकारले बहुवर्षीय आयोजनाका लागि रु ६३ अर्ब एक करोड छ लाख बराबर रकमको स्रोत सहमति दिएको छ। चालु आवको माघ मसान्तससम्ममा सरकारले एक सय २९ जनालाई आर्थिक सहायता उपलब्ध गराएको छ। विभिन्न समयमा भएको मन्त्रिपरिषद् निर्णयबाट रु पाँच करोड ४६ लाख ३४ हजार बराबर आर्थिक सहायता उपलब्ध गराएको अर्थ मन्त्रालयको विवरणमा उल्लेख छ। त्यसैगरी सरकारले अर्थ विविध शीर्षकबाट पनि रकम निकासा दिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ अनुसार आव सुरु भएको पहिलो तीन महिनासम्म सरकारले रकमान्तर, स्रोतान्तर र थप निकासा गर्न पाउँदैन। नियमावलीको यो व्यवस्था विपरीत सरकारले गत भदौ महिनामा रु ३० करोड रकमान्तर र रु दुई अर्ब २५ करोड २४ लाख रकम थप निकासा गरेको अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणमा देखिन्छ।

उक्त विवरणअनुसार गत भदौमा सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको रेलवे विभागको रु २० करोड रकमान्तर गरेर सडक डिभिजन कार्यालय डोटीअन्तर्गत योजनाको जग्गा मुआब्जा बाँढ्नका लागि निकासा दिएको छ। भदौमै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत राष्ट्रिय सूचना प्रविधि केन्द्रको रु १० करोड बराबर बजेट रकमान्तर गरेर हुलाक प्रशिक्षण केन्द्रको भवन निर्माणका लागि दिइएको छ।

गत कात्तिक महिनामा सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत उत्तर-दक्षिण राजमार्गको रु १० करोड रकमान्तर गरी बालाजु-त्रिशूली/छहरे-विदुर सडक आयोजनाको मुड्कु-तीनपिप्ले खण्डको स्तरोन्नतिका लागि रकमान्तर गरिएको छ।

गत पुस महिनामा रु २२ अर्ब दुई करोड ५० लाख बराबर रकमान्तर भएको छ। अर्थ मन्त्रालयका अनुसार पुसमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रमको रु दुई करोड ५० लाख बजेट रकमान्तर गरी झापा भूमिगत जल सिँचाइ आयोजनालाई दिइएको छ। विकास ऋणपत्रका लागि छुट्याइएको रु २२ अर्ब बराबर बजेट ट्रेजरी बिलको

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# तत्काल संघीय निजामती ऐन र प्रहरी समायोजन ऐन पारित हुनुपर्छ : अध्यक्ष यादव

धनुषा, १७ फागुन (रासस)। जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सङ्घीय सरकारले तत्काल सङ्घीय निजामती ऐन र प्रहरी समायोजन ऐन पारित गर्नुपर्ने बताउनुभएको छ।

जनकपुरधाममा मधेस प्रज्ञा-प्रतिष्ठान कार्यालयको बुधबार शुभारम्भ गर्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएको यादवले यी दुई ऐन पारित गर्न नसके सङ्घीयताको जगमा बनेको वर्तमान सरकार पनि फेल हुने तर्क गर्नुभयो ।

यादवले भन्नुभयो, "प्रदेश सरकारले आफ्नो छुट्टै कर्मचारी, प्रहरी प्रशासन र स्रोतसाधन नहुँदा चाहेअनुसार काम गर्न सकेका छैनन्। एउटा आर्मीको गार्ड लिएर घुम्दैमा सरकार हुँदैन। आफ्नो प्रहरी प्रशासन, कर्मचारी, कानुन, अदालत र स्रोत चाहिन्छ।"

सङ्घीयता र लोकतन्त्रको विकल्प एकात्मक प्रणाली हुन नसक्ने बताउँदै अध्यक्ष यादवले सङ्घीयता मधेसी समुदायसहित पछाडि परेका वर्गको भविष्यसँग गाँसिएकाले यसको रक्षाको विकल्प नरहेको बताउनुभयो।

उहाँले अझै पनि खस शासकले सङ्घीयता नचाहेको चर्चा गर्दै मुलुकलाई एकात्मक प्रणालीमा लग्न खोजेको आरोप लगाउँदै त्यस्तो अवस्था आउन नदिने बताउनुभयो। यादवले भन्नुभयो, "सङ्घीयताको विकल्प एकात्मक प्रणाली हुँदैन, सङ्घीयतालाई समाप्त पार्न खोज्ने आफैँ समाप्त भएर जानेछन्।"

अध्यक्ष यादवले नेपालमा सात वटा प्रदेशमध्ये पहिचानमा आधारित र सङ्घीयताको जननी प्रदेश मधेस मात्र भएकाले मधेस प्रदेशले विगतका कमीकमजोरी सुधार गरी अघि बढ्नुपर्ने बताउनुभयो। यादवले भन्नुभयो, "हामी चुक्नु हुँदैन। हामी चुक्यौं भने सङ्घीयता र गणतन्त्र दुवै धरापमा पर्छ।"

कार्यक्रममा मधेसका मुख्यमन्त्री सरोजकुमार यादवले निर्वतमान मधेस सरकारले बनाएको आयोग र प्रतिष्ठान कमाई खाने भाँडो मात्र सावित भइरहेको टिप्पणी गर्नुभयो। उहाँले प्रतिष्ठान र आयोग बने पनि काम गर्न नसकेको र तलब भत्ता मात्र पकाउने काम भइरहेको दाबी गर्नुभयो।

## सात महिनामा पौने ...

साँवा भुक्तानी गर्न अपुग रकम व्यवस्थापन गर्ने प्रयोजनका लागि रकमान्तर गरिएको छ।

माघ महिनामा रु ३२ करोड ४० लाख बराबर रकमान्तर गरिएको छ। जिल्ला अदालतका लागि छुट्याइएको रु दुई करोड रकम उच्च अदालत दिपायलको नयाँ भवन बनाउनका लागि रकमान्तर गरिएको अर्थ मन्त्रालयले जनाएको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत बबई सिँचाइ आयोजनाको रु १८ करोड रकमान्तर गरी बाढीबाट क्षतिग्रस्त मेलम्ची पुनःनिर्माण कार्यका लागि रकमान्तर गरिएको छ। सहरी विकास मन्त्रालयअन्तर्गत सहरी करिडोर आयोजनाको रु १२ करोड ४० लाख रकमान्तर गरी बञ्चरे डाँडा ल्यान्डफिल साइट निर्माणका लागि रकमान्तर गरिएको छ।

सात महिना अवधिमा विभिन्न ६० योजना तथा कार्यक्रमका लागि थप स्रोत सहमति दिइएको छ। सबैभन्दा बढी रकम कृषि तथा पशुपंक्षी मन्त्रालयलाई रासायनिक मल खरिद गर्ने प्रयोजनका लागि दिइएको छ। रासायनिक मल खरिद गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयले रु १५ अर्ब २३ करोड बराबरको स्रोत सुनिश्चितता गरेको हो।

## रास्वपाद्वारा सातै ...

सभापतिमा राजेश तिम्सिना, मधेस प्रदेशको सभापतिमा तपेश्वर यादव र बागमती प्रदेशको सभापतिमा अच्युतम लामिछानेलाई जिम्मेवारी दिइएको छ।

यसैगरी गण्डकी प्रदेशको सभापतिमा राजन गौतम, लुम्बिनीको सभापतिमा देवराज पाठक, कर्णालीको सभापतिमा धिरजबहादुर वली र सुदूरपश्चिम प्रदेशको सभापतिमा प्रकाश विष्टलाई जिम्मेवारी तोकिएको सो पार्टीले जनाएको छ।


JCI Estd. 1976 Rajbiraj, Nepal

**राजविराज जेसीज**
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

**विषय : राजविराज जेसीजको पूर्व तर्फ रहेको पसल कवल कोठा भाडामा लगाउने सम्बन्धी सूचना।**

पहिलो पटक प्रकाशित मिति : २०७९।११।१८ गते

यस राजविराज जेसीजको पूर्व तर्फ रहेको दुई वटा पसल कवल कोठा भाडामा लिने इच्छुक व्यवसायी, फर्म, सङ्घ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ। यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७९।११।१८ गतेदेखि २०७९।१२।०२ गतेसम्म राजविराज जेसीजको सचिवालय तथा जनता डिस्पेन्सरी, राजविराजमा सम्पर्क गरेर रू. १०००/- (अक्षरेपी एक हजार, फिर्ता नहुने गरी) तिरी बोलपत्र फारम खरिद गर्न सकिनेछ। खरिद गरिएको बोलपत्र फारम भरी मिति २०७९।१२।०३ गते दिनको १२:०० बजेभित्र सिलबन्दी गरी यस जेसीज सचिवालयमा दर्ता गराउनु पर्नेछ। दर्ता हुन आएको सिलबन्दी बोलपत्र फारमहरू सोही दिनको २:०० बजे रीतपूर्वक खोलिनेछ।

**शर्तहरू**

१. कोठा भाडा लिन चाहने व्यवसायी, फर्म, सङ्घ संस्थाले न्यूनतम प्रति महिना मासिक भाडा रू. ८,००० (अक्षरेपी आठ हजार) हुनेछ उक्त मासिक भाडा रकम भन्दा बढी रकम कबोल गर्ने व्यवसायी, फर्म, सङ्घ संस्थाले सिलबन्दी कोटेसन स्वीकृतिको लागि पहिलो प्राथमिक्ता रहने छ। बढी भाडा रकम कबोल गरी आएको आधारमा पसल कवल कोठाको सङ्ख्यालाई ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराइनेछ। बढी कबोल गर्नेलाई कोठा छनौटमा पनि पहिलो प्राथमिक्ता दिइने छ।
२. पसल कवल कोठाहरूका लागि एक व्यवसायी, एक फर्म वा एक सङ्घ संस्थाबाट १ कोठाको लागि मात्र सिलबन्दी कोटेसन पेश गर्न पाइने छ।
३. आफुले कबोल गरेको रकमको हुन आउने वार्षिक भाडाको ५% रकम धरौटी वापत राजविराज जेसीजको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २१८०१००००७८४६००१ मा जम्मा गरी जम्मा गरेको सक्कलै भौचर सिलबन्दी कोटेसनसँगै पेश गर्नु पर्नेछ। व्यवसायी, फर्म, सङ्घ संस्था स्वीकृत भई कबोल गरे अनुसारको सम्झौता नगरेमा उक्त धरौटी रकम जफत गरिनेछ।
४. सिलबन्दी कोटेसन स्वीकृत भएको फर्म, सङ्घ संस्थाको नाउँमा स्वीकृत भएपछि सम्झौता हुँदा बखत न्यूनतम १,५१,०००/- (अक्षरेपी एक लाख एकाउन्न हजार मात्र) धरौटी जम्मा गर्नु पर्ने हुन्छ।
५. सिलबन्दी कोटेसनका साथ निवेदकले व्यवसाय प्रमाण पत्रको प्रतिलिपि र फर्म, सङ्घ संस्थाहरूको प्रमाण पत्र र आ.व. २०७८/७९ आर्थिक वर्षको नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. सिलबन्दी कोटेसन स्वीकृत भएको व्यवसायी, फर्म, सङ्घ संस्थाले स्वीकृतिको जानकारी पाएको ७ (सात) दिनभित्र राजविराज जेसीजसँग सम्झौता गर्न नआएमा प्राथमिक्ता क्रमअनुसार सो भन्दा कम कबोल गरेकालाई नियम अनुसार सम्झौताको प्रक्रिया अगाडि बढाइनेछ।
७. नेपाल सरकार, नगरपालिका वा अन्य संस्थालाई बहाल कर लगायतका अन्य कर दस्तुर बुझाउनु परेमा कोठा भाडावालाले नै बुझाउनु पर्ने छ।
८. प्रारम्भमा कोठाको प्रति महिना भाडामा दुई वर्षसम्म वृद्धि हुने छैन। प्रत्येक दुई वर्षपछि भाडाको दरमा १५ प्रतिशत वृद्धि भाडा दर कायम गरिनेछ। लगातार ३ महिनासम्म भाडा रकम दाखिला नगर्ने व्यवसायी संस्था फर्मको सम्झौता स्वतः रद्द हुनेछ।
९. मासिक भाडा बुझाउने समय महिना व्यतित भएको ७ दिन भित्र बुझाउनु पर्नेछ, सो ७ दिन भित्र नबुझाएमा सो ७ दिन पछि ७% ले जरिवाना सहित चालु महिना र वितेको महिनाको भाडा एक मुष्ट बुझाउनु पर्नेछ। सो चालु दोस्रो महिनामा समेत भाडा नबुझाएमा तेस्रो महिनाको सुरु १ गते देखि बाँकी रकममा १०% ले जरिवाना सहित बाँकी रकम र चालु महिनाको भाडा रकम सहित एकमुष्ट बुझाउनु पर्नेछ। सो न बुझाएमा राजविराज जेसीजले उक्त कोठा खाली गराउन सक्नेछ।
१०. भाडामा लिएको कोठालाई नोक्सान नहुने गरी आफनो खर्चबाट स्वयम् दोस्रो पक्षले पसल सजाउनु पर्नेछ। सो रकम प्रथम पक्षले व्यहोर्ने छैन भने मिनाहा समेत गर्ने छैन। कोठाको अगाडि खम्बा खुट्टी राखेर छाउनी छाप्रो समेत लगाउन पाउने छैन सो लगाएमा सो को जिम्मेवार दोस्रो पक्ष नै हुनेछ।
११. कोठा भाडामा उपभोग गर्दाको अवस्थामा जडान गरिएका बिजुली, धारा, टेलिफोन आफनो खर्चबाट भाडेदार दोस्रो पक्षले जडान गर्नु पर्नेछ र सो को महसुल समेत स्वयं दोस्रो पक्षले व्यहोर्नु पर्नेछ।
१२. राजविराज जेसीजलाई आफनो उपभोगको लागि कोठा आवश्यक परेमा दोस्रो पक्षले कोठा खाली गर्नु पर्नेछ।
१३. आफुले भाडामा सम्झौता गरी लिएको कोठा व्यवसायी, सङ्घ संस्था स्वयंले पसल थापेर उपभोग गर्नु पर्नेछ सो कोठा दोस्रो पक्षले अन्य कुनै व्यक्ति, व्यवसायीलाई भाडामा वा अन्य कुनै किसिमले उपभोग गर्न दिन पाउने छैन। त्यसो गरेको ठहरे राजविराज जेसीजले सो व्यवसायी, फर्म, सङ्घ संस्थालाई उक्त कोठाबाट हटाई उक्त कोठाबाट वञ्चित गरी तपाईको धरौटी रकम जफत गरी बाँकी रहेको रकम कानुनी कारवाही गरी असुल उपर गर्ने र उक्त कोठा राजविराज जेसीजले पुन: बन्दोबस्त गर्रन सक्नेछ।
१४. भाडा लिएका व्यवसायी, फर्म वा संस्थाले कोठा छोडन चाहेमा ३५ (पैँतिस) दिन अगावै अनिवार्य सूचना राजविराज जेसीजलाई दिनु पर्नेछ। यसरी विचैमा कोठा छोडेर जाने भएमा अग्रीम भाडा रकम बाँकी रहन गए सो रहेको धरौटी रकमको न्यूनतम १० प्रतिशत रकम जरिवाना स्वरुप राजविराज जेसीजबाट फिर्ता दिइने छैन। तर राजविराज जेसीजसँग सम्झौता गरी कोठा लिए पछि कोठा लिएको १ वर्ष अगाडि कोठा छाडेर जान पाइने छैन।
१५. उक्त कोठा भाडामा प्रयोग गर्दा सम्बन्धित संस्था वा व्यवसायीले सम्झौतामा उल्लेख भएको प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ। आफुले भाडा लिई अर्को व्यक्ति, व्यवसायी वा संस्थाले दिन पाईने छैन। कोठा पजनी (पगडी) गरेको पाइएमा राजविराज जेसीजबाट कारवाही गरि स्वत: सम्झौता रद्ध गरिनेछ। अन्य व्यक्ति वा संस्थाले राजविराज जेसीजको स्वीकृति विना प्रयोग गर्न पाइने छैन।
१६. उक्त पसल कवलहरूमा राजविराज जेसीज वा राष्ट्रलाई हानि नोक्सानी हुने वा गैर कानूनी व्यपार व्यवसाय गर्न पाइने छैन।
१७. निर्माण भएको कोठाको संरचनामा फेरबदल गर्न पाइने छैन। संरचनालाई फेरबदल गर्नु परेमा राजविराज जेसीजसँग स्विकृति लिई मात्र गर्न सक्नेछ। उक्त पसल कवलमा कुनै पनि किसिमको हानी नोक्सानी गर्न पाइने छैन त्यसो भएमा हानी नोक्सानी भएको असुल उपर गरिनेछ।
१८. सिलबन्दी कोटेसन फारम राजविराज जेसीजको सचिवालयबाट रू. १,००० (अक्षरेपी एक हजार) फिर्ता नहुने गरी दस्तुर तिरी खरिद गर्न सकिने छ।
१९. रीतपूर्वकको सिलबन्दी कोटेसन प्राप्त बोलपत्रहरूलाई मिति २०७९।१२।०३ गते अपराह्न २:०० बजे राजविराज जेसीजका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्नेछ। उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
२०. ठेकेदार र राजविराज जेसीजविच कुनै किसिमको विवाद उत्पन्न भएमा राजविराज जेसीजले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ।
२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।
२२. सिलबन्दी कोटेसन स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार राजविराज जेसीजमा सुरक्षित रहनेछ।

सम्पर्क व्यक्ति: जेसी रवि कुमार राय, जेसी पंकज कुमार देव, जेसी उज्ज्वल काबरा
सम्पर्क नं. : ९८०४७४३५६०, ९८०४७४१८७७, ९८०१५११४३२

जेसी उज्ज्वल काबरा
अध्यक्ष, वर्ष २०२३


# विश्व समाचार

## सोमालियाका पचास लाख नागरिक खाद्य संकटमा

संयुक्त राष्ट्रसङ्घ, १७ फागुन (रासस/सिन्ह्वा)।

राजनीतिक तथा आर्थिक सङ्कटमा फसेको सोमालियामा कम्तीमा पनि पचास लाख मानिस खाद्य सङ्कटमा परेका बताइएको छ। संयुक्त राष्ट्रसङ्घका विज्ञहरुले सो कुराको जानकारी हालै मात्र दिएका समाचारमा जनाइएको छ। सोमालियाली अधिकारीहरुले यसअघिदेखि नै देशमा खाद्यान्नको संकट परेको बताउने गरेका थिए। यहाँ खाद्य सङ्कटमा परेका मध्ये कम्तीमा पनि एक लाख जना त अहिले नै भोकमरीमा परेका बताइएको छ।

खाद्यान्न सम्बन्धी विज्ञलाई उद्धृत गर्दै संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियोग गुटरेसका प्रमुख प्रवक्ता स्टेफन डुजारिकले सोमालियाको अवस्था निकै खराब बन्दै गएको बताउनुभएको छ। उहाँका अनुसार सोमालियाका अनुमानित १८ लाख बालबालिका कुपोषणमा परेका छन् र तीमध्ये किरब पाँच लाख जनाको अवस्था नाजुक रहेको छ। अहिले नै यहाँ खाद्यान्नसम्बन्धी आवश्यक व्यवस्था गर्न नसक्ने हो भने यस देशमा खाद्यान्नको चरम संकट पर्दै जानेतर्फ सबैले ध्यान दिनुपर्ने उहाँले बताउनुभएको छ।

## युक्रेन र चीनका कारण जी ट्वेन्टी विदेशमन्त्रीको बैठक छायामा

नयाँदिल्ली, १७ फागुन (रासस एएफपी)।

शीर्ष अमेरिकी कूटनीतिज्ञ एन्टोनी ब्लिङ्केन जी ट्वेन्टी विदेशमन्त्रीको बैठकमा भागलिन बुधबार यहाँ आउँदै हुनुहुन्छ। रसियाका सर्गेई लाभरोभ मंगलबार राति अबेरदेखि यहाँ हुनुहुन्छ। युक्रेन युद्ध र अमेरिका-चीन तनावका कारण जी ट्वेन्टीका गतिविधि छायामा पर्ने ठानिएको छ। विश्वका अग्रपङ्तिका अर्थतन्त्रबीच एकता कायम गर्ने प्रयासलाई भारतको प्रयास ओझेलमा पर्ने छ किनकी अमेरिकी र रुसी विदेशमन्त्रीले एकअर्कालाई भेट्ने सम्भावना छैन।

गत जुलाइमा बालीमा भएको समूहको बैठकका बेला पनि आफ्ना अमेरिकी समकक्षीलाई भेट्न त के देख्न पनि नपरोस् भनेर एउटै प्रेक्षालयमा बस्नुभएन। पश्चिमा अधिकारीहरूका अनुसार उक्त बैठकमा सहभागी हुन अमेरिकी विदेशमन्त्री बैठकस्थलमा आउनुभन्दा केही क्षणअघि रुसी विदेशमन्त्री बाहिरिनुभएको थियो। पछिल्लो पटक अमेरिकी र रुसी विदेशमन्त्रीबीच सन् २०२२ मा भेटवार्ता भएको थियो। रुसले युक्रेनमा आक्रमण गर्नु केही साताअघि भएको टेलिफोन वार्तामा युद्धबाहेकका विषयमा कुराकानी भएको थियो। अमेरिका र यसका सहयोगीहरूको विनाशकारी नीतिले संसारलाई विपत्तिको छेउमा पुऱ्याएको छ, सामाजिक-आर्थिक विकासमा अवरोध गरेको तथा गरिब देशहरूको अवस्थालाई गम्भीर रूपमा बिगारेको आरोप रुसले लगाएको छ।

बैठकका क्रममा अमेरिकी र चिनियाँ विदेशमन्त्रीबीचको भेटवार्ता पनि अनिश्चित भएको छ। गत महिना जर्मनीमा भएको सुरक्षा सम्मेलनमा चिनियाँ कूटनीतिज्ञ वाङ यीले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेर अमेरिकाले वायुवेग र काबुबाहिरको परिस्थितिका कारण आफ्नो दशले नागरिकस्तरमा मौसमसम्बन्धी सूचना प्राप्त गर्न प्रक्षेपण गरेको बेलुन खसालेकामा आपत्ति जनाउनुभएको थियो। मौसम अनुसन्धानका निम्ति उडाइएको बेलुनलाई जासुसी गर्न छाडिएको भन्दै अपमानपूर्ण तबरले त्यसलाई खसालेकामा चीनले आपत्ति मात्र जनाएको छैन बल प्रयोगले दुई देशबीचको सम्बन्धमा थप चुनौती थपिने चेतावनी दिएको थियो। उसले वासिङ्टनलाई संयमित हुन र वास्तविकताबारे पूर्ण ज्ञानबिना नै कारबाहीमा नउत्रन सुझाएको थियो। त्यसैगरीताइवान मामिलालाई लिएर पनि अमेरिकी अडानलाई लिएर पनि बेइजिङ र वासिङ्टनबीच तनाव छ।

अमेरिकाले युक्रेन युद्धमा चिनियाँ सहयोगको आशङ्का गर्दै आएको छ। मस्कोलाई उसले घातक हातहतियार उपलब्ध गराउने ठानेको छ। वासिङ्टनले बेइजिङलाई रुसका निम्ति कुनै किसिमका युद्ध सामग्री प्रदान नगर्न चेतावनी दिँदै आएको छ। चिनियाँ कूटनीतिज्ञ वाङले गत साता रुसी राष्ट्रपति भ्यादिमिर पुटिन र विदेशमन्त्री लाभारोभलाई बेग्लाबेग्लै भेटेर रुससँग रणनीतिक सहयोग सुदृढ गर्न चीन इच्छुक रहेको बताउनुभएको थियो। अमेरिकी विदेशमन्त्रीले एशिया-प्रशान्त क्षेत्रको अन्तर सरकारी सुरक्षा संयन्त्र (क्वाड) समूहका आफ्ना समकक्षीहरूसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ। चीनविरुद्ध क्वाड स्थापना गरिएको आरोप पनि छ।क्वाडमा अमेरिका, जापान, भारत,अष्ट्रेलिया सदस्य छन्। समूहका अतिरिक्त सदस्यमा दक्षिण कोरिया, न्युजिल्याण्ड र भियतनाम छन्।

## यमन हवाई हमलामा अल-कायदाका शीर्ष नेता मारिए

दुबई, १७ फागुन (रासस/एएफपी)।

युद्धग्रस्त यमनमा संदिग्ध अमेरिकी हवाई हमलामा अल-कायदाका एक वरिष्ठ व्यक्ति मारिएका सुरक्षा र स्थानीय सरकारी स्रोतहरूले बुधबार एएफपीलाई बताएको छ। अल-कायदा इन द अरेबियन पेनिन्सुला (एक्युएपी) का शीर्ष नेता हमाद बिन हमाउद अल-तामिमी, जसलाई वाशिंगटनले विश्वव्यापी जिहादी नेटवर्कको सबैभन्दा खतरनाक शाखाहरू मध्ये एक मान्दछ। सो हवाई आक्रमणमा परी एक अङ्गरक्षकसहित मृत्यु भएको एक सुरक्षा अधिकारी जानकारी दिएका छन्।

अल-तामिमीले हालै भाडामा लिएको उत्तरी प्रान्त मारिबको एउटा घरलाई निशाना बनाएर गरिएको हवाई हमला स्पष्टरूपमा अमेरिकी भएको अधिकारीले बताएका छन्। एक मारिब सरकारी अधिकारीले पनि मृत्युको पुष्टि गरेका छन्। अब्देल अजिज अल-अदनानी भनेर चिनिने साउदीकी तमिमीले एक्युएपीको नेतृत्व परिषद्को नेतृत्व गरेका र आतङ्कवादी समूहको "न्यायाधीश" को रूपमा काम गरेका स्रोतले जानकारी दिएका छन्।

# प्रहरीद्वारा विभिन्न जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता






**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

सप्तरी प्रहरीले दाईजो प्रथा तथा छुवाछुत, आगलागि नियन्त्रण र लागु औषध नियन्त्रण सम्बन्धी जनचेतना कार्यक्रमलाई तिब्रता दिएको छ ।

जिल्लाको बोदेबरसाईन नगरपालिका ९ स्थित श्री ज.आ.बि.देउरीमा सामुदायिक साझेदारी अन्तर्गत प्रहरीले छात्रछात्रा तथा शिक्षक शिक्षिकालाई दाईजो प्रथा तथा छुवाछुत सम्बन्धी जनचेतना मुलक कार्यक्रम सम्पन्न गरेको छ ।

यस्तै सोही नगरपालिका वडा नं. ३ गौरामा स्थानियवासीलाई आगलागि नियन्त्रण सम्बन्धी जनचेतना मुलक कार्यक्रम सम्पन्न गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले शम्भुनाथ नगरपालिका ७ भंगहा टोलमा स्थानियवासीलाई लागु औषध नियन्त्रण सम्बन्धी जनचेतना मुलक कार्यक्रम गरेको जनाएको छ ।

# सर्लाहीमा पाँच हजारभन्दा बढी शिक्षक दरबन्दी रिक्त

सर्लाही, १७ फागुन (रासस) ।

सर्लाहीका सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी शिक्षक कर्माचारीको दरबन्दी खाली छ । जिल्लामा चार सय ७८ सामुदायिक विद्यालय रहेकामा पाँच हजार तीन सय १७ शिक्षकको दरबन्दी खाली छ ।

जिल्लामा चार सय ७८ सामुदायिक विद्यालय रहेकामा दुई हजार तीन सय ८८ शिक्षक कार्यरत छन् भने पाँच हजार तीन सय १७ शिक्षकको दरबन्दी खाली रहेको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहले जानकारी दिनुभयो । त्यस्तै विद्यालय सहायक परिचर चार सय ७८, विद्यालय सहयोगी कर्मचारी ८६ तथा निजी स्रोतका शिक्षक एक सय आठ दरबन्दीमा कार्यरत रहेका उहाँले बताउनुभयो । जिल्लामा रहेका चार सय ७८ सामुदायिक विद्यालयमा पाँच हजारभन्दा बढी जनशक्ति कार्यरत रहे पनि सामुदायिक विद्यालयको अवस्था दिनानुदिन खस्कँदो छ ।

जिल्लामा रहेका चार सय ७८ सामुदायिक विद्यालयमा दुई हजार नौ सय ३९ शिक्षकको दरबन्दी अतिआवश्यक रहेको कुशवाह बताउनुहुन्छ । रिक्त शिक्षक दरबन्दी पदपूर्ति नहुँदा सामुदायिक विद्यालयले गुणस्तरीय शिक्षा प्रवाह गर्न नसकेको गुनासो आउने गरेको उहाँको भनाइ छ । जिल्लामा अधिकांश सामुदायिक विद्यालयमा तहगत शिक्षक, विषयगत शिक्षक र विद्यार्थी तथा शिक्षकको अनुपात मिलान नहुँदा शिक्षा र अध्यापनमा सुधार हुन सकेको छैन । बीस स्थानीय तह रहेको सर्लाहीमा हरेक स्थानीय तहमा १० भन्दा बढी सामुदायिक विद्यालय छन् । सामदायिक विद्यालयको गुणस्तर खस्किँदो अवस्थामा रहेका कारण विद्यार्थी सङ्ख्या न्युन हुँदै गएको छ । केही विद्यालयमा विद्यार्थी सङ्ख्या धेरै रहेको भए पनि शिक्षकको अभाव छ । केही विद्यालयमा शिक्षक मात्र छन भने केहीमा विद्यार्थी नै नभएको अवस्था छ ।

# प्रदेश नं १ को नाम 'कोशी'

मोरङ, १७ फागुन (रासस) ।

प्रदेश नं १ को प्रदेशसभाले प्रदेशको नाम 'कोशी' कायम गरेको छ । बुधबार बसेको सभाको दोस्रो बैठकले प्रदेशको नाम बहुमतले पारित गरेको हो ।

नेपालको संविधानको धारा २९५ को उपधारा(२) बमोजिम प्रदेश नं १ को दोस्रो सभाको पहिलो अधिवेशनको १३ बैठकबाट प्रदेश नं १ को नाम प्रदेशसभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट कोशी प्रदेश नामकरणसम्बन्धी प्रस्ताव सदनमा पेस भएको थियो ।

मत विभाजनका आधारमा प्रदेशको नाम टुङ्गो लगाउँदा कोशी प्रदेशको पक्षमा ८२ मत र विपक्षमा चार मत परेको सभामुख बाबुराम गौतमले जानकारी दिनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई र प्रदेशसभा सदस्य कमलप्रसाद जबेगुले संयुक्तरूपमा संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो । प्रदेशसभा बैठकमा राजेन्द्रकुमारको उक्त संशोधन प्रस्ताव टेबल गरेपछि ध्वनी बहुमतले अस्वीकृत भएको थियो ।

कोशी प्रदेशको प्रस्तावमाथिको छलफलमा १५ जना प्रदेश सांसदले भाग लिनुभएको थियो । प्रदेश सांसदहरूले उठाएको प्रश्नको जवाफ उक्त प्रस्तावका प्रस्तावक एमालेका प्रदेश सांसद रामबहादुर मगरले दिनुभएको थियो । प्रदेशसभाको अर्को बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको सभामुख गौतमले सभालाई जानकारी दिनुभयो ।

# कर नबुझाउनेलाई कारबाही

वीरगञ्ज, १७ फागुन (रासस) ।

आन्तरिक राजस्व कार्यालय वीरगञ्ज पर्साले लामो समयदेखि कर नबुझाउने करदातालाई कारबाही गर्ने भएको छ ।

दर्ता भएर पनि लामो समयदेखि कर नबुझाउने मूल्यअभिवृद्धि करका चार सय तीन र आयकरका चार सय २९ करदातामाथि कारबाही प्रक्रिया सुरु भएको कार्यालयले जनाएको छ ।

प्रमुख कर अधिकृत ढाकाराम तिवारीले भन्नुभयो,"पहिलो चरणमा चरणमा करदातालाई १५ दिने र सात दिनेपत्र पठाइसकेका छौँ । यसपछि पुनःतीन दिनको पत्र पठाउने छौँ ।" पत्र प्राप्त गरेर पनि बक्यौता नबुझाइए उनीहरूको बैंक खाता रोक्का समेत गरिने उहाँले जानकारी दिनुभयो ।

जिल्लामा एक लाख २४ हजार तीन सय पाँच करदाता रहेको कार्यालयले जनाएको छ । यसैबीच बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगर्दा चालु आर्थिक वर्ष २०७९/८० को छ महिनाको अवधिमा आन्तरिक राजस्व कार्यालय वीरगञ्जको राजस्व सङ्कलनमा कमी आएको छ ।

सो कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०७९/८० को छ महिनाको अवधिमा रु चार अर्ब ७३ करोड १६ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा ६६ दशमलव ६१ प्रतिशत अर्थात रु तीन अर्ब १५ करोड १६ लाख मात्र राजस्व सङ्कलन भएको छ ।

चालु आर्थिक वर्षको छ महिनामा अन्तशूल्कतर्फ रु एक अर्ब ३१ करोड ९५ लाख २९ हजार, आयकरतर्फ रु एक अर्ब चार करोड ८८ लाख ६९ हजार, मूल्य अभिवृद्धिकर तर्फ रु ७३ करोड ६७ लाख ६६ हजार, ब्याजकर तर्फ रु दुई करोड ४० लाख २३ हजार र घरबहाल करतर्फ रु दुई करोड २४ लाख ९९ हजार राजस्व सङ्कलन भएको सो कार्यालयका सूचना अधिकारी सञ्जय सरदार क्षेत्रीले जानकारी दिनुभयो ।

विभिन्न कारण देखाउँदै बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको तथा विभिन्न सामानको आयातमा सरकारले गरेको प्रतिबद्ध लगायतका कारणले राजस्व सङ्कल घटेको सूचना अधिकारी क्षेत्रीको भनाइ छ । गत आर्थिक वर्ष २०७८/७९ मा सो कार्यालयले नौ अर्ब ४४ करोड ४५ लाख ७५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा लक्ष्यको ९२ दशमलव ३० प्रतिशत अर्थात् रु आठ अर्ब ७१ करोड ६९ लाख ६० हजार राजस्व सङ्कलन गरेको थियो ।

# हाललाई पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य यथावत् : निगम

काठमाडौँ, १७ फागुन (रासस) ।

सरकारले तत्काल इन्धनको मूल्य नघटाउने भएको छ । नेपाल आयल निगमले बुधबार विज्ञप्ति जारी गरी भारतबाट खाना पकाउने ग्यासबाहेक अन्य सबै प्रकारका इन्धनको मूल्य घटेर आए पनि उपभोक्ता मूल्य हाललाई यथावत राख्ने निर्णय गरेको जनाएको हो ।

विज्ञप्तिमा भनिएको छ, "आम उपभोक्ताको हितलाई मध्यनजर गरी हाललाई पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य यथावत राखिएको छ ।" नयाँ मूल्यअनुसार निगमलाई डिजलको लागत पाँच रुपैयाँ पाँच पैसाले सस्तो भएर आएको छ ।

यस्तै पेट्रोलमा एक रुपैयाँ २१ पैसा लागत घटेको निगमले जनाएको छ । निगमलाई मट्टितेलमा तीन रुपैयाँ ४० पैसाले लागत घटेको र हवाई इन्धनमा सात रुपैयाँ तीन पैसाले लागत घटेको छ । निगमलाई प्राप्त नयाँ मूल्यअनुसार खाना पकाउने ग्यासको लागत प्रतिसिलिन्डर तीन सय ३९ रुपैयाँले बढेको छ । पछिल्लो मूल्यपछि पनि निगमलाई १५ दिनमा ४४ करोड रुपैयाँ नाफा छ । निगमलाई गत आर्थिक वर्षको नोक्सानीबाट ऋण र बक्यौता गरेर साढे १५ अर्ब रुपैयाँ दायित्व भने बाँकी नै रहेको निगमको भनाइ छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**सार्वजनिक यातायातलाई व्यवस्थित गरौं।**
- सार्बजनिक यातायातका साधनमा यात्रा गर्दा सामाजिक मर्यादा र शिष्टाचारको पालना गरौं।
- यात्रु, चालक र सहचालकले एक-आपसमा मर्यादित र शिष्ट व्यवहार गरौं।
- सार्वजनिक यातायातका साधनमा हानी नोक्सानी नपुऱ्याऔं।
- सवारी साधनमा भाडादर देखिने गरी टाँसी तोकिएको भाडादर मात्र लिनेदिने गरौं।
- सार्वजनिक यातायात सञ्चालनको समय तालिका सार्वजनिक गरी त्यसको पालना गरौं।
- तोकिएको स्थानमा मात्र यात्रु उकाल्ने र ओराल्ने गरौं।
- आरक्षित सिटमा सम्बन्धित यात्रुलाई नै प्राथमिकता दिऔं।
- ट्राफिक नियमको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money a CHAUDHARY GROUP initiative


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*